६. रीत नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।
९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुनेछन् ।
१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र मोबाईल नं. ९७४९१३४८३९ मा सम्पर्क गर्न सकिनेछ ।

ठेक्का नं.	विवरण	आवश्यक संख्या	बोलपत्र फाराम दस्तुर रु.	जमानत रकम
JNRM/NCB/ GOODS/01/ 2075/076	4WD, RHD Hardtop Jeep, Engine Power Output Not Less than 120 BHP & others are as per approved technical specification.	थान १ (एक)	३,०००/-	कबोल अंकको कम्तिमा २.५० प्रतिशत

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
३ नं. प्रदेश, नेपाल

सवारी साधन खरीद कार्यको लागि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०७/१५)

यस पाँचखाल नगरपालिकाको लागि आवश्यक तपशिल बमोजिमका सवारी साधनहरु बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धि कार्य गर्न मान्यता प्राप्त फर्म र कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

१) यस नगरपालिकाको नेपाल बैंक लि., पाँचखाल शाखा मा रहेको संचित कोष खाता नं. १२४०३०००००००४००१००१ मा रु.३,०००।- जम्मा गरेको सक्कल भौचर वा यस नगरपालिकाको राजश्व शाखामा रु.३,०००।- (फिर्ता नहुने गरि) तिरेको सक्कल रसिद संलग्न राखी मिति २०७५/०८/१६ गते कार्यालय समयभित्र प्राबिधिक शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२) खरिद भएको बोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम बाहिर आफनो फर्मको नाम, थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७५/०८/१७ गते दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नुपर्नेछ । फर्मले प्राबिधिक एबम आर्थिक प्रस्ताब छुट्टाछुट्टै सिलबन्दी गरि पेश गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । फर्मको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्ने छैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भए पश्चात कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य गरिनेछ ।

३) बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४) तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि., पाँचखाल शाखा को धरौटी खाता नं. १२४०३०००००००३०००००१ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यताप्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनुपर्ने छ ।

५) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । बोलपत्र फारमको प्रत्येक पानामा सम्बन्धित बोलपत्र दाताको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

६) यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

७) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

८) बोलपत्र दाताले प्राबिधिक तथा आर्थिक प्रश्तावना छुट्टाछुट्टै सिलवन्दी गरि एकै खाममा दुवै प्रस्ताब राखी सिलवन्दी गरि पेश गर्नु पर्नेछ ।

९) प्राविधिक प्रस्तावना स्वीकृत हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्तावना खोलिने छ ।

१०) थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

सिलवन्दी बोलपत्र सम्बन्धी कार्यको विवरण निम्नानुसार छ :

सि.नं.	बोलपत्र नं.	सामानको विवरण	परिमाण	धरौटी रकम	दरभाउपत्र दस्तुर
१.	०३/२०७५/०७६	Supply and delivery of 150 cc motorcycle	९ (नौ)	रु. ६०,०००।-	रु.३,०००।-